# लोक सेवा आयोग

नेपाल न्याय सेवा, सरकारी वकिल समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको

खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

२०७५-११-८

समय :- ३ घण्टा

पूर्णाङ्क :- १००

पत्र :- द्वितीय

विषय :- सेवा सम्बन्धी ।

**तलका प्रश्नहरुको उत्तर वेग्लावेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

१. सार्वजनिक अन्तर्राष्ट्रिय कानून भन्नाले के बुझिन्छ ? सार्वजनिक अन्तर्राष्ट्रिय कानून र निजी अन्तर्राष्ट्रिय कानूनको तुलनात्मक फरक उल्लेख गर्दै यसमा आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । १५

२. मुलुकी देवानी (संहिता) ऐन, २०७४ बमोजिम के कस्तो अवस्थामा करारको यथावत् परिपालना गर्न आवश्यक हुने छैन ? विवेचना गर्नुहोस् । १५

३. संविधान एउटा विकासक्रम हो । यसको आधारशीला भनेको ऐतिहासिक परिवेश सहितको राजनैतिक विकासक्रम हो भन्ने कुरा दर्शाउदै नेपालको संवैधानिक विकासक्रमका मुख्य मुख्य विषय वस्तुलाई सारसंक्षेपमा उल्लेख गर्नुहोस् । १५

४. बहसकला भन्नाले के बुझिन्छ ? मुद्दाको सफलताका लागि बहसकलाको के कस्तो भूमिका रहन्छ ? वर्णन गर्नुहोस् । १५

५. प्रमाण ऐन, २०३१ ले ल्याएका मूलभूत मान्यताहरु स्पष्ट पार्दै स्वत: न्यायिक जानकारी लिनुपर्ने विषयको सैद्धान्तिक र व्यवहारिक विवेचना गर्नुहोस् । १५

६. नेपालमा सरकारवादी फौजदारी मुद्दाहरुमा कसूरदार ठहर भएको मुद्दाको संख्यालाई आधार मान्ने हो भने धेरै सन्तोष मान्न सकिने अवस्था देखिंदैन । हालको तथ्याङ्कलाई आधारमान्दा करिव ५० प्रतिशत भन्दा पनि कम मुद्दाहरुमा कसूरदार ठहर भएको अवस्था देखिन्छ । कसूरदार ठहर भएकै अवस्थामा पनि कमै मात्र फैसलाहरु कार्यान्वयन भई अभियुक्तहरुले फैसला बमोजिमको सजाय भोगेको अवस्था पाइन्छ । सरकारवादी हुने फौजदारी मुद्दामा कसूरदार ठहर हुने मुद्दाहरुको संख्या कम हुनु भनेको राज्यको समग्र फौजदारी न्याय प्रणाली प्रभावकारी हुन नसकेको अवस्था हो भने फौजदारी न्यायप्रणाली प्रभावकारी हुन नसक्नु भनेको मुलुकमा दण्डहिनताले प्रश्रय पाएको अवस्था हो । दण्डहिनताले मुलुकको कानून र व्यवस्थालाई मात्र कमजोर बनाउँदैन, समग्र विकास प्रक्रियालाई नै अवरुद्ध तुल्याउँछ र दीर्घकालीन रुपमा शान्ति र अमनचयन कायम गर्ने राज्यको उद्देश्य नै पराजित हुन पुग्दछ । मुलुकमा न्याय, शान्ति र विकासका लागि सक्षम र प्रभावकारी फौजदारी न्याय प्रणालीको महत्व हुँदाहुँदै पनि फौजदारी न्याय प्रणालीलाई प्रभावकारी बनाउने सन्दर्भमा सरकारीस्तरमा खासै ध्यान दिइएको पाइदैन । फौजदारी न्याय प्रणालीका सम्बन्धमा सरकारको प्रतिनिधि निकायको रुपमा कार्यरत महान्यायाधिवक्ताको कार्यालयका तर्फबाट पनि खासै कुनै कदम चालिएको पाइदैन, अपराध अनुसन्धानको प्रक्रियामा वैज्ञानिकता आउन सकेको छैन । सरकारी साक्षीहरु समयमै उपस्थित गराई आफ्नो अभियोग प्रमाणित गराउनेतर्फ पनि खासै सक्रियता अपनाइएको देखिदैन । एक हिसाबले अदालतमा जसोतसो अभियोगपत्र दर्ता गराएपछि अनुसन्धान र अभियोजनमा संलग्न निकायहरुको भूमिका र दायित्व पूरा भए सरह ठानिन्छ । कसूरदार ठहर भएकै अवस्थामा पनि फैसला बमोजिमको

क्रमश:

सजायँ दिलाउने कार्यमा पनि अनुसन्धान एवं अभियोजनमा संलग्न निकायहरुको भूमिका प्रभावकारी हुन सकेको देखिँदैन । सरकारवादी फौजदारी मुद्दाहरुमा कसूरदार ठहर हुने दर कम भएको र अनुसन्धान एवं अभियोजन गर्ने निकायहरुको भूमिका प्रभावकारी हुन नसकेको हालको परिप्रेक्षमा देहायका प्रश्नहरुमा केन्द्रित् रही जवाफ दिनुहोस् :- ६+७+६+६= २५

(क) वर्तमान फौजदारी न्यायप्रणाली असफलताका मूलभूत कारणहरु के रहेको मान्नुहुन्छ ?

(ख) ती कारणहरुको निवारणका लागि गरिनुपर्ने नीतिगत र कानूनी सुधारका क्षेत्रहरु के के हुन सक्छन ?

(ग) मौजुदा कानूनी र संरचनागत प्रणालीभित्रै रहेर फौजदारी न्याय प्रणालीको प्रभावकारिता बृद्धिका लागि के कस्ता उपायहरु अवलम्वन गर्न सकिएला ?

(घ) फौजदारी न्यायप्रणालीको प्रभावकारिता बृद्धिका लागि सरकारी वकिलको भूमिकालाई पुनर्परिभाषित गर्नुपर्‍यो भने के कस्तो भूमिका दिनुपर्ला ?

*समाप्त*

Dotnepal.